# सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन काज मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि, २०८१

**(विद्यालय शिक्षाको विभिन्न तहका शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) शिक्षण सहयोग अनुदान र पालिका अनुदान रकम बाट शिक्षकको विद्यालयगत व्यवस्थापन गर्नका लागि तयार गरिएको कार्यविधि)**

**कार्यपालिका वाट स्वीकृत मिति २०८१।१।१८**

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

**मोहन्याल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय -खिमडी**

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

# सुदूरपश्चिम प्रदेश नेपाल
# कैलाली।

## सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन काज मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि, २०८१

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१. प्रस्तावना:**

गाउँपालिका भित्र स्वीकृत तथा अनुमति प्राप्त गरी सञ्चालित विद्यालयहरुमा प्राथमिक तहदेखि माद्यमिक तहसम्मका शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा र पालिका अनुदान शिक्षकको व्यवस्था गरिएको हुन्छ। प्रचलित नियमावलीले एक जना शिक्षकले सेवा पुऱ्याउन सक्ने विद्यार्थी सङ्ख्या समेत किटान गरेको छ। पालिका वा पालिका गठन हुनु अगावैबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली नियम ९२ बमोजिम रहेका शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक ब्यवस्था गर्नका लागि स्रोत उपलब्ध गराई विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने उद्देश्यले समान रुपमा दरबन्दी वितरण एवम् मिलान गर्न वाञ्छनिय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२, (२) को अधिकार प्रयोग गरी,

मोहन्याल गाउँ कार्यपालिकाबाट यो कार्यविधि तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस कार्यविधिको नाम "सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन काज मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि – २०८१" रहेको छ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट गाउँपालिका क्षेत्रभर प्रारम्भ भएको मानिनेछ।

२ परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

२.१ " शिक्षक दरबन्दी " भन्नाले स्वीकृत/ अनुमति प्राप्त सामुदायिक विद्यालयमा तहगत रुपमा वितरण गरिएको स्थायी दरबन्दीलाई बुझाउँछ।

२.२ "शिक्षक अनुदान कोटा (राहत)" भन्नाले स्वीकृत/ अनुमति प्राप्त सामुदायिक विद्यालयमा तहगत रुपमा वितरण गरिएको शिक्षक अनुदान कोटालाई बुझाउँछ।

२.३ "बिषयक्रम" भन्नाले शिक्षा नियमावलीको अनुसूची १२ मा उल्लेखित नियम ९२ सँग सम्बन्धित आधारभूत तह (निमावि) र मावि तहका लागि प्राथमिकता तोकिएको बिषयको क्रमबद्धता सम्झनुपर्छ।

२.४ "पूर्वप्राथमिक विद्यालय शिक्षक" भन्नाले चार बर्ष उमेर पुरा गरेका बालबालिकाहरुलाई पठनपाठन गर्ने शिक्षकलाई बुझाउने छ।

२.५ "प्राथमिक शिक्षक " भन्नाले कक्षा १ देखि ५ सम्म पठनपाठन गर्ने शिक्षकलाई बुझाउँने छ।



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

२.६ "आधारभूत शिक्षक" भन्नाले बिषयगत रुपमा ६देखि ८ कक्षामा अध्याउन गर्ने शिक्षकलाई बुझाउँदछ।

२.७ "माध्यमिक शिक्षक" भन्नाले कक्षा ९-१० मा पठनपाठन गर्ने र कक्षा ११-१२ मा पठनपाठन गर्ने दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षकलाई बुझाउँदछ।

२.८"सामाजिक विकास समितिका संयोजक" भन्नाले गाउँपालिकाका बिषयगत क्षेत्र शिक्षा हेर्ने जनप्रतिनिधिलाई तोकिएको संयोजकलाई सम्झनु पर्छ।

२.९ "शिक्षा समिति संयोजक" भन्नाले स्थानीय तहमा गठित शिक्षा समितिको संयोजक सम्झनुपर्छ।

२.१० "शिक्षा अधिकृत" भन्नाले स्थानीय तहमा शिक्षा शाखामा स्थायी रुपमा दरबन्दीमा खटाएका शिक्षा अधिकृतलाई सम्झनुपर्छ।

२.११ " प्रमुख प्रशासकीय अधिकृत" गाउँपालिकाको प्रशासन प्रमुखको कामकाजका लागि तोकिएको अधिकृतलाई सम्झनुपर्दछ।

२.१२ "दरबन्दी मिलान कार्यदल" स्थानीय तहमा शिक्षक दरबन्दी मिलान गर्न बनाइएको कार्यदललाई सम्झनुपर्दछ

२.१३ " शिक्षा विकास तथा समन्वय इकाइ" भन्नाले जिल्लास्तरमा शिक्षा सम्बन्धी समन्वय माथिल्ला निकायहरु तथा स्थानीय तहसँग गर्ने इकायलाई सम्झनु पर्दछ।

२.१४ "इकाइ प्रमुख" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइमा प्रमुख भई तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

२.१५ "नोकरीको जेष्ठता भन्नाले स्थायी शिक्षकको हकमा नियुक्ति मिति र अस्थायी र राहत कोटामा कार्यरत शिक्षकको हकमा विद्यालयले दिइएको नियुक्ति मितिलाई सम्झनु पर्दछ।

२.१६"न्यूनतम शैक्षिक योग्यता" भन्नाले सम्बन्धित तहका लागि शिक्षकको तोकिएको शैक्षिक योग्यतालाई सम्झनु पर्दछ।

२.१७"माथिल्लो शैक्षिक योग्यता" भन्नाले सम्बन्धित तहका लागि तोकिएको योग्यता भन्दा माथिल्लो योग्यतालाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## उद्देश्य

२. उद्देश्यः

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

२.१ विद्यालयको स्वीकृत दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) र पालिका अनुदानबाट विद्यालयमा नियुक्ति भएका शिक्षकहरुलाई ऐन, नियम, निर्देशन, कार्यविधिका आधारमा मिलान गर्नु।

२.२ आधारभूत तह (निमावि) र मावि तहको शिक्षक मिलान बिषयगत क्रमबद्धताको सुनिश्चितता गर्नु।

२.३ सामाजिक न्यायका आधारमा शिक्षक मिलान प्रक्रियालाई पारदर्शी बनाउनु।

२.४ शिक्षक मिलान प्रक्रियामा निष्पक्षता र एकरुपता ल्याई देखिएका समस्यालाई न्यूनीकरण गर्नु।

२.५ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पूऱ्याउनु।

२.६ स्थानीय तहमा शिक्षक मिलानको ब्यवस्थापनमा सहयोग पुग्नु।

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -३
## शिक्षक व्यवस्थापनको प्रावधान

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

**३. शिक्षक व्यवस्थापनको प्रावधानः**

३.१ गाउँपालिकामा प्राप्त भएको दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), गाउँपालिकाबाट निर्धारण गरेका शिक्षक अनुदान र गाउँपालिका अनुदानबाट आवश्यक देखिएको आधारभूत तह (प्रावि, निमावि) मावि तहमा करारमा शिक्षकको व्यवस्था गरिनेछ।

**३.२ शिक्षक मिलान कार्यदल गठनः**

३.२.१ सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलानका लागि देहाय बमोजिमको एक शिक्षक मिलान कार्यदल रहनेछः

१) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

३) सामाजिक विकास समिति संयोजक- सदस्य

५) वडाध्यक्षहरु- सदस्य

६) शिक्षक महासंघ वा निजले तोकिको प्रतिनिधि – सदस्य

६) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी – सदस्य

**३.३ मिलान सम्बन्धी ब्यवस्थाः**

१) विद्यालयमा शिक्षक दरबन्दी प्राथमिक तहका लागि शिक्षक विद्यार्थी अनुपात एकिन गर्ने ।

२) आधारभूत तह (साविक निमावि) र माध्यमिक तह (कक्षा ९-१०) मा बिषयगतको क्रमबद्धताका क्रममा शिक्षक दरबन्दी एकिन गर्ने ।

३ ) शिक्षक दरबन्दी मिलानको क्रममा प्राथमिक तहमा महिला एक जना अनिवार्य रहने गरी नियुक्तिको कनिष्टताका आधारमा ब्यवस्थापन गरिने छ।

४) बिषयगतको क्रमबद्धता क्रममा एउटै बिषयका एक भन्दा बढी भएमा नियुक्तिका आधारमा कनिष्टलाई मिलानको क्रममा स्थानान्तरण गरि ब्यवस्थापन गरिने छ।

५) विद्यालयमा माथिल्लो तहमा दरबन्दी नभएमा दरबन्दीको ब्यवस्था नभएसम्मका लागि माथिल्लो योग्यता भएको शिक्षकलाई बिषयगत आधारमा मिलान गर्न सकिने छ।।

६) मिलान गरी पठाएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराई जानकारी सम्बन्धित निकायहरुमा पठाउनु पर्ने छ। मिलान गरिएको शिक्षकलाई हाजिर नगराएमा , वा काज सरुवा भई जाने शिक्षकलाई रमाना नदिएमा शिक्षा शाखाले स्पष्टीकरण माग गर्ने, स्पष्टिकरण चित्तबुझ्दो नभएमा दरबन्दीसहित अर्को आवश्यक भएको विद्यालयमा स्थानान्तरण गरिने छ।

७) मिलानको क्रममा शिक्षक दरबन्दीको आधार स्थायी दरबन्दी र अनुदान कोटा (राहत) शिक्षकलाई गणना गरी विद्यालयगतको दरबन्दिका आधारमा गरिनेछ। दिर्घ रोगि भई नियमित उपचारमा जानुपनर्ने भएका, अशक्त ,अपाङ्ग शिक्षकलाई पहिलो प्राथमिकता राखी मिलान कार्य गरिने छ।



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

८) दरबन्दी मिलानका क्रममा पहिले राहत अनुदान कोटा कार्यरत,स्वीकृत दरबन्दीमा अस्थायी वा करार कार्यरत र स्वीकृत दरबन्दीमा स्थायी कार्यरत शिक्षकलाई दरबन्दी सहित मिलान गरिनेछ।

## परिच्छेद -४
## विभिन्न निकायको भूमिका

**४.१ विद्यालय र विद्यालय ब्यवस्थापन समितिको भूमिकाः-**

क.) प्रचलित शिक्षा ऐन, नियमावली अनुसार दरबन्दी मिलानमा समन्वय, सहजीकरण र सहयोग गर्न आवश्यक कार्य गर्ने।

ख.) मिलान गरिएको शिक्षकलाई रमाना र हाजिर भएको जानकारी सम्बन्धित निकायमा दिने।

**४.२ शिक्षक दरबन्दी मिलान कार्यदलको भूमिकाः**

क.) बिद्यालय ब्यवस्थापन समितिलाई दरबन्दी मिलानको जानकारी गराउने कार्य गर्ने।

ख.) दरबन्दी मिलानको विवरण गाउँपालिकालाई सिफारिस गर्ने।

**४.३) गाउँ कार्यपालिका शिक्षा शाखाको भूमिकाः**

क.) विद्यालयमा रहेको दरबन्दीको प्रकार सहित विद्यालयलाई प्रमाणीकरण गरी लिखितरुपमा उपलब्ध गराउने।

ख.) गाउँपालिकाले निर्णय सहित मिलान गरेका शिक्षकलाई विद्यालयमा पदस्थापन गर्ने।

ग.) मिलानको निर्णय सहित पदस्थापन भएका शिक्षकको अभिलेखकका लागि जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाइ लगायत माथिल्लो निकायमा अभिलेख कायमका लागि पठाउने।

**४.४ शिक्षा विकास तथा समन्वय इकाइको भूमिकाः**

क.) स्थानीय तहको दरबन्दी मिलानमा आवश्यक समन्यव, सहजीकरण र सहयोग गर्ने।

ख.) मिलान भएका शिक्षकहरुको अभिलेखीकरण गरी सम्बन्धित निकायहरुमा जानकारी गराउने।

४.५ गाउँ शिक्षा समितिको भुमिकाः

क) मोहन्याल गाउँपालिका शिक्षा ऐनमा उल्खित कार्य गर्ने भुमिका गाउँ शिक्षा समितिको रहने छ।

ख) दरबन्दी मिलान तथा काज सरुवा निर्णय शिक्षा समिति मार्फत गाउँपालिकालाई सिफारिस गर्ने।

## परिच्छेद-५
## विद्यालय समायोजन र तह मिलान तथा विद्यालयको नामकरण एवं सम्पत्ति व्यवस्थापनः

५ विद्यालय समायोजन र तह मिलान तथा विद्यालयको नामकरण एवं सम्पत्ति व्यवस्थापनः

क.) तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्या अपुग हुने भएमा उक्त विद्यालयलाई नजिकको कुनै विद्यालयमा तह मिलान तथा विद्यालय समायोजन गर्नु पर्ने छ।

ख.) विद्यालय रहेको समुदायमा समुदायबाट कुनै सहयोग प्राप्त नहुने तथा विद्यालयको भौतिक पुर्वाधार नरहेको विद्यालयमा कक्षा थप अनुमति नदिने अन्य नजिकको विद्यालयबाट उक्त विद्यालयमा तह मिलान नगर्ने तर उच्च विद्यार्थी संख्या भई हाल बालविकास केन्द्र सञ्चालन रहेको भए भौतिक पूर्वाधारको जिम्मा तहाँ रहेका अभिभावक, सरकारी



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

तथा गैरसरकारी संघसस्था, सामुदायिक बन, सम्बन्धित वडा कार्यालयले लिएम विद्यालय सञ्चालन अनुमति बाधा पर्ने छैन् र एक शैक्षिक वर्षमा १ कक्षा मात्रै सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

ग.) बार्षिक रुपमा एकमुष्ट अनुदानबाट सञ्चालित विद्यालयको हकमा हाल कुनै पनि दरबन्दी मिलानको कार्य नगर्ने,

घ.) विद्यालय समायोजन पछि हुने विद्यालयको नामाकरण देहाय अनुसार गर्नेः

१) गाभिने विद्यालयको नाम गाभिने विद्यालयको नामको पछाडी थप गरी गर्ने, वा दुबै विद्यालयका वि.व्य.स.को सहमतिमा गर्ने

२) एकिकरण हुने विद्यालयको नामाकरण गर्दा वढी विद्यार्थी संख्या भएको विद्यालयको नाममको पछाडी कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने

३) दुई वा दुई भन्दा बढि विद्यालयहरु आपसमा गाभिई वा एकिकरण भई नयाँ ठाउमा विद्यालय स्थापना हुने अवस्था भएमा शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ अनुसार गर्ने,

४) गाभिएको विद्यालयको सम्पत्ति व्यवस्थापन गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

## परिच्छेद ६

## शिक्षक तथा प्र अ कामकाजमा खटाउने आधार सम्बन्धि व्यवस्थाः

### ६. शिक्षक सरुवा गर्ने आधार सम्बन्धि व्यवस्थाः

१) विद्यालयमा रिक्त भएको पदको विवरण पद रिक्त भएको एक हप्ता भित्र अनुसूचि -१ मा तोकिएको ढाँचामा कार्यालयलाई उपलब्ध गराउनेछ।

२) सरुवा हुन चाहेको शिक्षक सरुवाको उपयुक्त कारण खोली अनुसूचि २ मा तोकिएको ढाँचामा सरुवा फाराम भरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित साविक (छोडने) विद्यालयबाट सरुवा सहमति र सरुवा भई जान चाहेको विद्यालयबाट सरुवा अनुमति प्राप्त गरी कार्यालयमा निवेदन दिनु पर्नेछ।

३) गाउँपालिकाले रितपूर्वक प्राप्त निवेदन उपर छानबिन गरी आवश्यकता अनुसार उपयुक्तत‌को आधारमा सरुवा गर्न सकिने छ।

४) सरुवा गर्दा आधारभुत तहको हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभुत तह कक्षा ६ देखि माध्यमिक तह १२ सम्मको हकमा विद्यार्थी संख्या र विषय मिल्ने आधारमा सरुवा गरिनेछ।

५) विद्यालयको प्रध्यानाध्यापकको जिम्मेवारी सहित शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्दा निजले पेश गरेको विद्यालय विकास प्रास्ताव निजको व्यवस्थापकिय कार्यकुशलता सिप र शैलिका आधारमा उपयुक्तता हेरी सरुवा गरिनेछ।

६) एकै विद्यालयमा तिन वर्ष सेवा अवधि पुगेका शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले पालिका भित्रको कुनै विद्यालयमा सरुवा तथा पदस्थापन गर्न सकिने छ।

७) माथि उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका भित्रको व्यवस्थापन एवं गुणस्तर सुधार गर्ने क्रममा शिक्षक दरबन्दी मिलान गर्ने कुरामा, शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यक पुष्ट्याई र तथ्यका आधारमा शिक्षा शाखको सिफारिसमा गाउँपालिकाले जुनसुकै बखत पनि शिक्षक तथा प्रधानाद्यापकको एक विद्यालयबाट अर्को विद्यालयमा कामकाजमा खटाउन सकिनेछ।

८) एक स्थानीय तहवाट अन्य स्थानिय तहमा शिक्षकको सरुवा प्रचलित कानुन बमोजिम हुने छ।

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

९) शिक्षक व्यवस्थापन सम्बन्धि अन्य कुरा अनुसूचि १ बमोजिम हुनेछ ।

१०) माथि उल्लिखित सबै जुन सुकै कुरा लेखिएको भएता पनि कुनै शिक्षकलाई नसिहत दिनुपर्ने, कारबाही गर्नु पर्ने वा कुनै तिन शैक्षिक सत्रमा लगातार शैक्षिक उपलब्धि घटदै गएको देखिएमा शिक्षा समितिको निर्णयमा जुनसुकै बेला पनि काजसरुवा गर्न सकिने छ ।

प्रधानाद्यापकलाई कामकाजमा खटाउने सम्बन्धि व्यवस्थाः

१) सामान्यतया शिक्षक तथा प्रधानाद्यापकलाई विद्यालयको नियमित पठनपाठनमा असर पर्ने गरी अन्यत्र विद्यालय तथा कार्यालयमा कामकाजमा खटाउनु हुदैन ।तर सम्बन्धित शिक्षक तथा प्र अ को विज्ञताको सेवा अन्य विद्यालयलाई तत्काल आवश्यक भएमा विद्यालयको शैक्षिक गुणस्तर न्यून भएमा माथिल्लो तह र श्रेणिको शिक्षकको नेतृत्व लिनुपर्ने अवस्था भएमा वा आचार संहिता उलङ्घन वा अन्य कारणले शिक्षकहरुलाई कार्य गर्न असुविधा र असुरक्षाका कारण देखिएमा वा नसिहत दिनुपर्ने भएमा आवश्यकताका आधारमा बढीमा एक शैक्षिक सत्रका लागि शिक्षक कर्मचारीलाई कामकाजमा खटाईने छ ।

२) उपदफा १ बमोजिम काजमा सरुवा भएका शिक्षक तथा प्रधानाद्यापकहरुले निजको तलब भत्ता साविकको विद्यालयबाट खाईपाई आएता पनि सरुवा भएको विद्यालयमा कार्यक्षमता र योग्यताका आधारमा आर्थिक अधिकार सहितको जिम्मेवारी लिने सक्नेछ ।

## परिच्छेद -७
## विविधि

**७ विविधः**

क.) यस कार्यविधिमा नसमेटिएका बिषयहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

ख.) मिलान शैक्षिक सत्रको सुरुमा वा शैक्षिक वर्षको चैत्र महिनामा सम्पन्न गर्नु पर्नेछ ।

ग.) यस गाउँपालिकामा कार्यरत सबै शिक्षक तथा कर्मचारीलाई मोहन्याल गाउँपालिकाको भुगोलको अनुभव दिलाउने गरी प्रत्येक २/२ वर्षमा पालिका भरी तोकिएको दरबन्दी / राहत अनुदान तादाम्यता हुने गरी मिलान गरीनेछ ।

घ.) मिलान गर्दा प्राथमिक तहमा नियुक्त भएको शिक्षकलाई यदि माथिल्लो योग्यता हासिल गरेको भए माथिल्लो तहमा अध्यापन गर्ने कबुलियतनामा गराई उच्च तह सञ्चालित विद्यालयमा मिलान गरिनेछ ।

ङ) हाल प्राथमिक तहको हकमा र सम्भव भए माथिल्लो तहमा कार्यरत शिक्षकको हकमा आफु अध्यापनरत रहेको विद्यालय बाहेक मिलानमा जानको लागि अन्य ३ वटा विद्यालय छनौट गर्न लगाई दरबन्दीसँग तादाम्यता गरी मिलान गर्ने।

च.) सकेसम्म एउटै विद्यालयमा ८ वर्ष वा सो भन्दा बढीसम्म निरन्तर अध्यापनरत गरेका शिक्षकलाई पहिलो प्राथमिकतामा राखि मिलान गर्ने,

छ.) शिक्षक अध्ययनरत विद्यालयको कुनै विषयमा लगातार २ वर्षसम्म कम्तिमा ६० प्रतिशत विद्यार्थी उतिर्ण नभएमा वा सिकाई उपलब्धी ६० प्रतिशत भन्दा कम भएमा अनिवार्य रुपमा मिलान गरी अर्को विद्यालयमा स्थानान्तरण गर्ने,

ज.) उमेरहदका कारण अनिवार्य अवकास हुन १ बर्ष भन्दा कम समय बाकी हरेका शिक्षक या कर्मचारीलाई सकेसम्म दुर्गम मानिएका ठाँउमा स्थानान्तरण गरिने छैन् ।



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

झ.) दरबन्दी मिलान तथा कुनै विद्यालयको दरबन्दी विद्यार्थी संख्या अनुसार बढी हुन गई स्थानान्तरण गर्नु पर्ने भएमा शुन्य दरबन्दी रहेको कम्तिमा पनि कक्षा ३ सम्म स्थापना भई १ शैक्षिक सत्र पुरा गरेको विद्यालयमा पठाउने तर मापदण्ड पुरा नगरेको शिक्षक दरबन्दी पठाउन सकिने छैन्।

ञ.) जुन विद्यालयबाट शिक्षक विद्यार्थी अनुसार दरबन्दी बढी भई स्थानान्तर गर्नु पर्ने भएमा जुन दरबन्दी स्थानान्तरण गर्नु पर्नेहो सोही दरबन्दीमा कार्यरत शिक्षकलाई शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी कम भएको विद्यालयमा जानको लागि विद्यालय छनौटको अवसर दिई सोहि अनुसार मिलान तथा स्थानान्तरण गरी पदस्थापन गरिनेछ।

८. संशोधनः यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ बाझीएमा संशोधन गर्न सकिने छ।

९. खारेजी र बचाउः क) यस कार्यविधिमा उल्लिखित कुनै कुरा प्रचलित ऐन, नियम, कानून र कार्यविधिसँग बाझिएको हकमा स्वत अमान्य हुनेछ।

ख) शिक्षक दरबन्दि मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७६ खारेज गरिएको छ।

## अनुसूची -१

**विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक ब्यवस्थापन गर्दा लिइने आधारहरुः**

१. कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१.१ विद्यालयमा २० जना भन्दा न्यूनतम विद्यार्थी सङ्ख्या भएमा १ ओटा दरबन्दी कायम गर्ने। ३० जनासम्म नभएमा दरबन्दी थप नगर्ने

१.२ विद्यार्थी सङ्ख्या २५ देखि ४० जनासम्म भएमा २ ओटासम्म दरबन्दी ( स्वीकृत / राहत) कायम गर्ने। तर ४५ जनासम्म कुल बिद्यार्थी नहुदा कुनै पनि दरबन्दी थप नगर्ने,

१.३ विद्यालयमा ५० वा सो भन्दा बढी विद्यार्थी भएमा ३ ओटा दरबन्दी कायम गर्ने तर पालिकाको तराई क्षेत्रमामा १००, पालिकाको पहाडी क्षेत्रमा ८० र पालिकाको अतिविकट पहाडी क्षेत्रमा ६० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने। सो भन्दा माथि विद्यार्थी सङ्ख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने।

**२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय (प्राथमिक तह) को सम्बन्धमाः-**

२.१ विद्यालयमा ४० जना भन्दा न्यून विद्यार्थी भएमा २ ओटासम्म दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने। ४५ जनामसम्म नहुदाँ सम्म कुनै पनि दरबन्दी थप नगर्ने,

२.२ न्यूनतम विद्यार्थी सङ्ख्या ५० देखि ८० जनासम्म भएमा ३ ओटासम्म दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने। ८५ जनासम्म विद्यार्थी नभएसम्म कुनै पनि दरबन्दी थप नहुने,

२. ३ विद्यार्थी सङ्ख्या ८५ देखि १२५ जनासम्म भएमा ४ ओटासम्म शिक्षक दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने।

२.४ विद्यार्थी सङ्ख्या २०० जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने, तर पालिकाको तराई क्षेत्रमा २००जना, पालिकाको पहाडी क्षेत्रमा १८० जना र अति विकट क्षेत्रमा १५० जना भन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

। सो भन्दा माथि विद्यार्थी सङ्ख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

२.५ शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक ब्यवस्थापन समेत गर्ने गरी दरबन्दी मिलान गर्ने ।

**३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-**

३.१ विद्यालयमा कक्षा (६-८) सञ्चालन भई विद्यार्थी १५ जना भएमा न्युनतम १ ओटा,३० जना सम्म भएमा न्युनतम २ ओटा, ६० जनासम्म भएमा न्यूनतम ३ ओटा र ६० भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ४ (अङ्ग्रेजी-१, गणित-/ विज्ञान-१, नेपाली-१, सामाजिक-१, गरी ४) ओटासम्म आधारभूत तह (कक्षा ६-८) को शिक्षक दरबन्दी कायम गर्ने। तर हाल सञ्चालित विद्यालयमा तोकिए अनुसारको दरबन्दी(राहत, अनुदान,स्वीकृत)रहेको हकमा सेक्सन छुट्याउदा शिक्षा नियमावलि २०५९ अनुसार विद्यार्थी अपुग भएमा कुनै पनि दरबन्दी थप नगर्ने

३.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी सङ्ख्या तथा बिषयगत मिलान हुने गरी शिक्षा नियमावली अनुसार कायम गर्ने ।

**४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-**

४.१ कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा ८० जनासम्म विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी दिन सकिने तर १०० जना नहुँदा सम्म कुनै थप दरबन्दी वा अनुदान नदिने र १०० जना भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ (अङ्ग्रेजि-१, विज्ञान गणित-१, सामाजिक -१, नेपाली -१ र अन्य - १ गरी ५ जना) ओटासम्म माध्यमिक तहको शिक्षक दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने ।

४.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी सङ्ख्या आधारभूत तह (कक्षा १-५)तथा आधारभूत तह (कक्षा ६-८ ) माध्यमिक तह (कक्षा ९-१२) बिषयगत र बिषयगत क्रमबद्धताका आधारमा मिलान हुने गरी शिक्षा नियमावली अनुसार कायम गर्ने ।

४.३ माथि जुनसुकै कुरा लेखिएको हकमा तल्लो तहबाट कुनैपनि दरबन्दी पुलमा नभएको, विषय मिल्ने नदेखिएको वा गाउपालिकाको आन्तरिक स्रोतले नभ्याउने भएमा तोकिएको विद्यार्थीसंख्या थप गर्न बाधा नपर्ने,

**५ माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-**

५.१ माध्यमिक तह (कक्षा ११-१२) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन " सामुदायिक उच्च माध्यमिक तह शिक्षक ब्यवस्थापन निर्देशिका, २०७१ (संशोधनसहित) अनुसार जिल्लामा उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा गर्ने ।

**५.२** हाल कक्षा ११-१२ सञ्चालित विद्यालयको हकमा कम्तिमा पनि प्रतिकक्षा ३५ जना नभएसम्म नभएमा थप दरबन्दी, अनुदान नदिने,

**६. बालविकास कक्षा सम्बन्धमाः-**

६.१ हाल सञ्चालित बालविकास केन्द्रको कहमा कुनै पनि बालविकास केन्द्र सञ्चालित भएको भए कम्तिमा पनि १५ देखि २० जना विद्यार्थी भए १ बालकाविकास केन्द्र सञ्चालन गर्न सकिने, तर ३५ जनाभन्दा बढी नभएमा २ वटा बालविकास कक्षा सञ्चालन गर्न नसकिने, सो भन्दा बढी भए विद्यार्थी संख्या अनुसार बालवकास केन्द्र सञ्चालन गर्न सकिने,

६.२ हाल कुनै विद्यालयमा वा विद्यालयको सेवा क्षेत्रमा सञ्चालित बालविकास केन्द्रको हकमा तोकिएको विद्यार्थी संख्या र भौतिक पूर्वाधार नभएको भए त्यस्ता बालविकास केन्द्र स्थानान्तरण वा खारेजी गर्न सकिने छ ।



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

६.३ कुनै विद्यालयमा एक भन्दा बढी बालविकास अनुदान दरबन्दी भएको तर तोकिए अनुसार विद्यार्थी नभएमा दरबन्दी सहित नजिकको सोहि वडाको कुनै अन्य ठाउँ वा अन्य वडामा स्थानान्तरण गरीनेछ। उक्त व्यवस्थापन हुन नसके बालविकास कोटा नै खारेज गरिने छ।

६.४ यो कार्यविधि प्रमाणित पश्चात कुनै बालविकास केन्द्रमा तोकिएको योग्यता नभएका बालविकास केन्द्रका शिक्षिकालाई अवकास दिईने छ र नियमानुसार नियुक्ति प्रकृया गरिनेछ।

**७. दरबन्दी मिलान पछि गर्ने शिक्षक ब्यवस्थापन सम्बन्धमा:-**

७.१ भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा रहेको र एकीकरण (Merge) गर्न नसकिने विद्यालयहरुमा आवश्यकता अनुसार बहुकक्षा शिक्षण (Multi Grade teaching) पद्धति बमोजिम शिक्षण गराउने ब्यवस्था मिलाउने।

७.२ उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा (राहत) वा दरबन्दीलाई गाउँ पालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक कमी भएका विद्यालयहरुमा खटाउने।

७.३ शिक्षक दरबन्दी कटौती गर्दा सर्व प्रथम शिक्षक अनुदान (राहत) कोटा, दरबन्दीमा अस्थायीमा कार्यरत रहेका कनिष्टतम शिक्षकको दरबन्दीलाई र स्थायी भएमा जेष्ठताका आधारमा गाउँ पालिकाको पुल दरबन्दी कायम गरी मिलान गर्ने।

७.४ विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरबन्दी कटौती गरी पुल दरबन्दी कायम गर्ने।

७.५ विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएमा कुनै विद्यालयमा दरबन्दी रिक्त भएको अवस्थामा त्यस्तो दरबन्दीमा नियुक्ति र सरुवा भई आउनका लागि अनुमति नदिई गाउँपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने।

७.६ सकेसम्म शुन्य दरबन्दी भएका उच्च विद्यार्थी संख्या भएका १-५ तहका विद्यालय र विद्यार्थी संख्या उच्च भएका आधारभूत तह र माध्यमिक (कक्षा ६-८ र ९-१२) सञ्चालित विद्यालयमा पठाउने ब्यवस्था गर्ने।

७.७ अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको शिक्षक विद्यार्थी अनुपात (STR) बढी भएका विद्यालयमा खटाउने ब्यवस्था गर्ने।

७.८ दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकहरुको विद्यालयगत दरबन्दी विवरण एकीन तथा तयारीका साथै गाउँपालिकागत समष्टिगत विवरण तयार गर्ने।

७.९ दरबन्दी मिलान तथा समायोजनको कार्य गर्दा आधारभूत तह ( कक्षा १-५) मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई तत्काल गाउँपालिकाको पुल दरबन्दीमा ल्याउने र उक्त दरबन्दी मध्येबाट आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (९-१२/९-१०)मा समायोजनका लागि आवश्यक दरबन्दी सङ्ख्या प्रस्ताव गर्ने।

क) कक्षा १-८ सञ्चालन भएको विद्यालयको हकमा कक्षा ६ -८ को विद्यार्थी सङ्ख्या ६० भन्दा कम विद्यार्थी भए ३ जना सो भन्दा बढी भएमा ४ जना र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक थप गर्नु पर्दा बुँदा नं. (क) अनुसार हुने ।



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

ख) कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा ८० जनासम्म विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी र १०० जना भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ (अङ्ग्रेजि-१, विज्ञान गणित-१, सामाजिक -१, नेपाली -१ र अन्य - १ गरी ५ जना) ओटासम्म माध्यमिक तहको शिक्षक दरबन्दी (स्वीकृत /राहत कोटा) कायम गर्ने ।

## अनुसूचि २

### नियम ............ सँग सम्बन्धित

### शिक्षक पद रिक्त रहेको विवरण

श्री शिक्षा अधिकृतज्यू

शिक्षा युवा तथा खेलकुद शाखा

मोहन्याल गाउँपालिका खिमडी कैलाली ।

विषयः- शिक्षक पद रिक्त रहेको सन्दर्भमा ।

यस विद्यालयमा ..........................................कारणबाट मिति.................................. देखि .......................... तह र ..................को .................पद रिक्त हुन आएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रधानाद्यापकको नामः-

सहिः-

विद्यालयकोः-

मितिः-



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि ३

### नियम ............ सँग सम्बन्धित

### शिक्षक पद रिक्त रहेको विवरण

श्री शिक्षा अधिकृतज्यू

शिक्षा युवा तथा खेलकुद शाखा

मोहन्याल गाउँपालिका खिमडी कैलाली ।

विषयः- सरुवा सन्दर्भमा ।

मलाई निम्न लिखित विद्यालयमा सरुवा गरिदिनु हुन देहायका विवरणहरु खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थरः-

स्थायी ठेगानाः-

तह र श्रेणिः-

हाल कार्यरत विद्यालयको नाम र ठेगानाः-

सरुवा भै जान चाहेको विद्यालयको नाम र ठेगानाः-

योग्यता र तालिमः-

स्थायी नियुक्ति मितिः-

हाल विद्यालयमा काम गरेको अवधिः-

सरुवा माग्नु पर्ने कारणः

निवेदको

नामः-

हस्ताक्षरः-

मितिः-



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत